नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

मिति: २०८३/०५/१३

रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा आएको बाढीका कारण उत्पन्न विपद्पछि सुरुङभित्र फसेका व्यक्तिहरूको उद्धारका लागि एवम् विद्युत आपूर्ति सुचारु गर्न मन्त्रालयले निरन्तर प्रयास गरिरहेको सन्दर्भमा हालसम्म भएका प्रमुख कार्यहरू निम्नानुसार छन:

१. भोटेकोशी नदीमा आएको बाढीबाट भएको क्षतिको अवस्था बारे जानकारी लिन तथा उद्धार कार्यलाइ तिव्रता दिन मन्त्रालयका सचिवज्यू सहितको विज्ञ टोली नुवाकोट र रसुवाको स्थलगत निरिक्षण भ्रमणमा गइ सुरक्षा निकाय तथा अन्य सम्वन्धित निकायलाइ उद्धार कार्य तीव्र बनाउन, प्रभावित नागरिकको जनजीवन सहज बनाउन र सुरुङभित्र फसेका व्यक्तिहरूको शीघ्र उद्धार गर्न निर्देशन भएको।

२. सुरुङभित्र फसेका व्यक्तिहरूको सुरक्षित उद्धारका लागि प्रतिकूल मौसम तथा अत्यन्त चुनौतीपूर्ण परिस्थितिका बाबजुद रसुवास्थित त्रिशूली-३ "ए" र त्रिशूली-३ "बी" जलविद्युत् आयोजनामा फसेका व्यक्तिलाइ उद्धार गर्न आयोजनास्थलको रेकी, रेखाङ्कन तथा उद्धार कार्य निरन्तर अघि बढाइएको । सुरक्षा निकायबीच निरन्तर समन्वय गरी उद्धार कार्यलाई सुरक्षित र प्रभावकारी ढङ्गले सञ्चालन गर्न सुरुदेखि नै घटनास्थलमा खटिँदै आएका टोली बाहेक थप उद्दार टोलि हेलिकप्टरमार्फत घटनास्थलतर्फ परिचालन गरिएको ।

३. उद्धार कार्यलाई प्रभावकारी बनाउन सरकारको अनुमतिमा त्रिशूली-३ "ए"को सुरुङ्ग भित्र फसेका व्यक्तिलाइ उद्धार गर्न उच्च प्राविधिक दक्षता भएका भारतीय विज्ञ टोलि हेलिकप्टरबाट आयोजनामा गएको तर प्रतिकुल मौसमका कारण अवतरण हुन नसकेको । साथै ६ सदस्यीय चिनियाँ विज्ञ टोली घटनास्थलमा परिचालन गरिएको । चिनियाँ टोली हेलिकप्टर मार्फत त्रिशूली-३ "बी" जलविद्युत आयोजना स्थल पुगेको उक्त टोलीले नेपाली सेनाको विज्ञ टोलीसँग समन्वय गर्दै सुरुङभित्रको अवस्थाको प्राविधिक रेकी तथा प्रारम्भिक मूल्यांकन गरिरहेको। उद्धार सम्भव देखिएमा रसुवा सीमा क्षेत्रमा 'स्टयान्डबाई' अवस्थामा रहेका थप चिनियाँ प्राविधिक विज्ञलाई समेत तत्काल परिचालन गर्ने तयारी गरिएको ।

४. बाढीको प्रभावबाट विद्युत आपूर्ति बन्द भएको रसुवाको धुन्चे क्षेत्रमा वैकल्पिक अस्थाइ लाइन मार्फत लाइन सुचारु गर्न नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशक सहितको प्राविधिक टोलिले तिव्रताका साथ कार्य गरिरहेको । थप स्थानमा विद्युत् सेवा सुचारु गर्नको लागि आवश्यक प्राविधिक कार्य तीव्र रूपमा अगाढी बढाइएको।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

५.राष्ट्रिय प्रसारण लाइन सुचारु हुन नसकेका स्वास्थ्य चौकी, विद्यालय, पालिका तथा वडा कार्यालयलगायत नागरिकलाई अत्यावश्यक सेवा प्रदान गर्ने संस्थाहरूमा विद्युत पहुँच सहज बनाउन मन्त्रालयले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत २ किलोवाटपिक (kWp) क्षमताका संस्थागत सौर्य विद्युत प्रणालीहरू हस्तान्तरण गर्न सुरु गरेको ।

६.कार्यक्रमको पहिलो चरणमा रसुवाको उत्तरगया गाउँपालिकालाई ३ वटा संस्थागत सौर्य विद्युत प्रणाली हस्तान्तरण गरिएको । यसबाट बाढीका कारण राष्ट्रिय प्रसारण लाइन अवरुद्ध भएका क्षेत्रमा अत्यावश्यक सार्वजनिक सेवाहरू सञ्चालन गर्न आवश्यक विद्युत आपूर्ति सुनिश्चित हुने अपेक्षा गरिएको ।बाढी तथा प्राकृतिक विपद्का कारण विद्युत आपूर्ति अवरुद्ध भएका अन्य प्रभावित क्षेत्रहरूमा समेत आवश्यकता र प्राथमिकताका आधारमा यस्ता वैकल्पिक ऊर्जा प्रणाली विस्तार गरिने कार्यक्रम रहेको।

शालिग्राम भण्डारी
सहायक प्रवक्ता